# नीति तथा कार्यक्रम, २०७४

झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मच्छी, प्यूठान

# झिमरुक गाउँ कार्यपालिकाको लागि आर्थिक वर्ष ०७४/०७५ का लागि तय भएका नीति कार्यक्रम तथा बजेट

सभाध्यक्षज्यू, सबै सदस्यज्यूहरु

झिमरुक गाउँपालिका पछिल्लो समयमा गठन भएको नयाँ गाउँपालिका हो । साविकका ५ वटा गा.वि.स तथा लिवांग गा.वि.स. का केही वडालाई समेटेर बनेको यस गाउँपालिकाले "हाम्रो झिमरुक राम्रो झिमरुक" भन्ने मूल ध्येय लिएको छ । समग्र झिमरुक गाउँपालिकामा विकास निर्माणका कार्यहरुलाई प्रभावकारी बनाउन र सम्पूर्ण जनताको पहुँच पुराउनको लागि हाम्रो विकास नीति समानुपातिक विकास नीति हुनेछ । विकासलाई पहुँचका आधारमा नभै आवश्यकताको आधारमा अगाडी बढाइने छ । त्यसको साथै भौतिक विकासलाई आम जनताले उपयोग गर्न सक्ने वातावरण मिलाउन जनताको आय आर्जनमा बढी जोड दिने नीति अपनाईने छ । प्राकृतिक, सांस्कृतिक, धार्मिक, कृषि, उर्जा पर्यटकीय एवं ऐतिहासिक दृष्टिले महत्वपूर्ण रहेको झिमरुक गाउँपालिकाको यो ऐतिहासिक प्रथम गाउँ सभामा यस आर्थिक वर्ष ०७४/०७५ का लागि तय भएका नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

झिमरुक गाउँपालिकाले आ.ब. २०७४।०७५ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न आधारहरु लिएको व्यहोरा प्रस्तुत गर्दछु ।

- नेपालको संविधान, २०७२ को प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- संघीय तथा प्रादेशिक सरकारले अंगिकार गरेको, आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- स्थानीय शासन संचालन ऐन तथा नियमावलीका प्रावधानहरु

- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरु : सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित बिषयहरु
- झिमरुक गाउँपालिकाले आवश्यक ठानेका बिषयहरु

सभाध्यक्ष महोदय,

अव म झिमरुक गाउँपालिकाले आ.ब. २०७४।०७५ को नीति, कार्यक्रम तथा बजेटका प्राथमिकता निर्धारणका आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

**प्राथमिकिकरणका आधारहरुः**

- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- राजश्व परिचालनमा योगदान पुर्‍याउने
- सेवा प्रवाह, संस्थागत र सुशासनमा योगदान पुर्‍याउने
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिबृद्धि गर्ने
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने
- दीगो विकास, वातावरण संरक्षणर विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने
- स्थान विषेषको कला र संस्कृतिको पहिचान र प्रबर्द्धन गर्ने,
- गाउँपालिकाले आवश्यक ठानेका विविध बिषयहरु ।

उपस्थित महानुभावहरु,

अव म झिमरुक गाउँपालिकाले आ.ब. २०७४।०७५ को तय गरेका क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहन्छु :

**१. आर्थिक विकास तर्फ**

## १.१ कृषिसम्बन्धी नीति :

समग्र झिमरुक गाउँपालिकामा विकास निर्माणका कार्यहरुलाई प्रभावकारी बनाउन र सम्पूर्ण जनताको पहुँच पुराउनको लागि हाम्रो विकास नीति समानुपातिक विकास नीति हुनेछ । विकासलाई पहुँचका आधारमा नभै आवश्यकताको आधारमा अगाडी बढाइने छ । त्यसको साथै भौतिक विकासलाई आम जनताले उपयोग गर्न सक्ने वातावरण मिलाउन जनताको आय आर्जनमा बढी जोड दिने नीति अपनाईने छ । त्यस अनुसार कृषिलाई आधुनिकिरण र व्यवसायिकरणमा ध्यान दिने त्यसको लागि

- एक वस्ती एक उत्पादन,
- माटो परीक्षण,
- कृषिको उत्पादनको आधारमा कृषकहरुलाई प्राविधिक र आर्थिक सहयोग गर्ने,
- हरेक स्थानमा कृषि संकलन केन्द्र बनाउने र झिमरुकको मूल स्थानमा संकलन गरी बजार सम्म पुर्‍याउने नीति लिईने छ ।
- कोल्ड स्टोर निर्माणमा जोड दिन,
- यस गाउँपालिका क्षेत्रमा कृषि योग्य जमिनले ओगटेको क्षेत्र पहिचान गरी उक्त क्षेत्रहरुको माटोको सम्भाव्यता अनुसारको खेति पहिचान गरी उच्च मुल्य पर्ने नगदे बाली/ व्यावसायीक खेती प्रणाली लाई प्रोत्साहन गरिनेछ । यसका लागि जग्गाको वर्गिकरण गरी कृषि योग्य, आवास क्षेत्र र व्यावसायिक/ व्ययापरिक र कृषि उद्योगको रुपमा सुहाउदो वातावरण अनुरुप पशुपालन समेतको सम्भाव्यता अध्ययनको कार्य यसै आ.व. मा शुरु गरिनेछ ।

## १.२ उद्योग तथा बाणिज्य नीति :

- वातावरणमा प्रतिकुल असर नपर्ने तथा बढी भन्दा बढी रोजगारी सृजना हुने र मौलिक बस्तु तथा समाग्री उत्पादन गर्ने घरेलु उद्योगहरुलाई प्रोत्साहन गरिने नीति लिईनेछ । यसका लागि उक्त प्रकृतिका उद्योगहरुको स्थापना, संचालनर बजार प्रर्वद्धन समेतका लागि सम्भाव्यता अध्ययनको कार्य यसै आ.व. मा शुरु गरिनेछ ।
- लघु उद्योग तर्फ तालिम प्रशिक्षणको दिने र उत्पादनमा भाग लिन विशेष जोड दिने ।

## १.३ पर्यटन विकास सम्बन्धी नीति :

- यस गाउँपालिका क्षेत्रमा अवस्थित पर्यटकीय क्षेत्रहरुको पहिचान गरी उक्त क्षेत्रहरुमा रक क्लाइम्बिङ, पिकनिक स्पोर्ट, भ्यूटावर, पैदल मार्गलाई व्यवस्थित, होमस्टे संचालनलाई व्यवस्थिति र विस्तार गर्ने नीति लिईने छ र धार्मिक पर्यटनका को लागि धार्मिक महत्वका सम्बन्धमा आवश्यक क्षेत्रहरु पहिचान गरी प्रचार प्रसार गरी धार्मिक पर्यटनको प्रबर्द्धन गरिने छ ।
-

### १.४ सहकारी सम्बन्धी नीति :

यस क्षेत्रमा स्थापना भई संचालनमा रहेका सहकारी संस्थाहरुलाई सहकारीको भावना अनुरुप संचालनका लागि ती संस्थाहरुको बार्षिक कार्यक्रम माग गर्ने, गाउँपालिकामा दर्ता गराउने, दर्ता शुल्क लिने, आवश्यक सुपरिवेक्षण गर्ने र यस क्षेत्रमा स्वरोजगार सृजना गर्न आयमुलक एवं शिप मुलक तालिम लिएका वर्गलाई ऋण प्रवाह गर्न प्रोत्साहित गर्ने नीति लिइने छ ।

### १.५ वित्तिय क्षेत्र सम्बन्धी नीतिः

यस क्षेत्रमा व्यापार व्यावसाय गरी रहेका वित्तिय संस्थाहरुलाई गाउँपालिकामा दर्ता गराउने, दर्ता शुल्क लिने, बार्षिक कार्यक्रम पेश गर्न लगाउने तथा गाउँपालिका क्षेत्र भित्र शाखाहरु स्थापनाका लागि प्रोत्साहन गर्ने र सामाजिक उत्तरदायित्व वोध राउन विभिन्न सामाजिक कार्य एवं युवा खेलकुदमा सहभागिता एवं संयुक्त कार्यक्रम आयोजनाको नीति अवलम्बन गरिनेछ ।

## २. सामाजिक विकास तर्फ

### २.१ शिक्षासम्बन्धी नीति :

- यस क्षेत्रमा व्यावसायिक /प्राविधिक शिक्षाको अवधारणा ल्याउन व्यावसायिक विद्यालयको स्थापनका लागि सम्बन्धित पक्ष संगको समन्वय गरिने छ। व्यवसायिक शिक्षा तथा तालिम परिषद(CTEVT) संग संस्थागत सम्झौता गरी व्यावसायिक एवं प्राविधिक शिक्षा संचलानका लागि अध्ययन पहल गरिने छ । सामुदायिक विद्यायलको भौतिक संरचना सुधार, निजि विद्यालयहरुमा गा.पा. वोर्ड सदस्यको अनिवार्यता, जेहेन्दार छात्र छात्राहरुलाई गाउँपालिकाको निर्णय बमोजिम छात्रवृतिको व्यवस्था, ठुला कलेजहरुसंग गाउँपालिकाका लागि तहाँको पढाईने विषयानुसा जेहेन्दार छात्र छात्रा छात्रवृती कोटाका लागि व्यवस्था

गर्ने, निजी र सामुदायिक विद्यालय वीच शैक्षिक प्रतिस्पर्धा, सवै विद्यालयहरुमा नैतिक शिक्षाको प्रर्वद्धन, लोकसेवा आयोग तयारीकक्षा संचालनका निति लिइनेछ ।

- हरेक विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न विभिन्न विद्यालयका प्रधानयापक, विद्यालय निरीक्षक, आर.पी. पाठ्यक्रम सम्वन्धी जानकार व्यक्तिहरु सहितको छलफल र निर्णय वाट काम गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ ।

## २.२ स्वास्थ्य सम्बन्धी नीतिः

- यस क्षेत्रमा हेल्थपोष्टहरुको Relocation गर्ने, हेल्थपोष्टहरु थप गर्नु पर्ने सम्बन्धमा अध्ययन गरिनेछ, पूर्ण खोप कार्यक्रम एवं घोषणा, यस क्षेत्रमा रहेका विभिन्न स्वास्थ्य संस्थाहरुलाई अग्रसर गराई स्वास्थ्य शिविरहरुको संचालन, महिला स्वास्थ्य स्वयं सेविकाको परिचालन एवं क्षमता विकास गरिने छ । गाउँपालिकाले प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे सहितको, फिजिसियन, मुटुरोग , Geriatric( बृद्ध रोग), स्त्री तथा प्रशुती रोग र बाल रोग सम्बन्धी विशेषज्ञ सेवा सहितको गाउँ स्वास्थ्य केन्द्रको स्थापनाका लागिका आवश्यक प्रकृयाको थालनी गरिने छ ।
- स्वास्थ्य क्षेत्रसंग समन्वय गरी कार्य गर्ने र महिलाहरुमा देखिने पाटेघरको समस्याहरुलाई समाधान गर्न पाठेघर सम्वन्धी निशुल्क औषधी उपचारको व्यवस्था गर्ने ।

## २.३ खानेपानी तथा सरसफाई सम्बन्धी :

- खानेपानीको श्रोत एवं मुहानहरुको पहिचान गरी संरक्षण, शुद्धताको परीक्षण गरिनेछ, खानेपानी वितरण, विस्तारलाई अघि वढाई यस क्षेत्रमा निर्वाध रुपमा खानेपानीको वितरण हुने व्यवस्था मिलाईनेछ ।
- विभिन्न संघ संस्था, उपभोक्ता समिति, टोल विकास संस्था र निजि क्षेत्रहरुको परिचालन तथा सहकार्यमा सडक, टोल ,सार्वजनिक स्थल एवं नदी सरसफाईको नीति लिइनेछ । चाडबाड तथा मौलिक पर्वहरुमा विशेष सरसफाइ अभियान संचालन, सरसफाई तालिका तथा क्यालेण्डर प्रकासन गरी आफ्नो टोल आफै सफा गर्नु पर्ने अवधारणा लागू गरिनेछ ।
-

## २.४ संस्कृति प्रर्वद्धन सम्बन्धी नीति :

- स्थानीय क्षेत्रहरुका पर्वहरुलाई गौरवका साथ व्यवस्थित संचालन, धार्मिक क्षेत्रहरुको मौलिकता ऐतिहाँसिक महत्वको उजागर गरी यस क्षेत्रको संस्कृति प्रर्वद्धन गरी हाम्रो संस्कृति हाम्रो पहिचानको अवधारण को नीति लिइने छ ।
- विभिन्न जातजातीक कला, संस्कृति, परम्परालाई संरक्षण र सम्वर्द्धन गर्ने नीति लिइएको छ ।

**२.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति :**

लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि सम्बन्धित वर्गहरुको समानता एवं उत्थानका लागि वडागत रुपमा चेतनामुलक कार्यक्रम, शिपमुलक कार्यक्रम, आयमुलक एवं रोजगार मुलक कार्यक्रमहरुको संचालन गरी र सम्बद्ध संस्था एवं सेवा प्रदायक संस्थाहरु संग साझेदारी गरी सम्बन्धित लक्षित वर्ग उत्थान गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणको कार्य गरिनेछ ।

**३. पूर्वाधार विकास तर्फ**

**३.१ सडक सम्बन्धी नीति :**

- बाटो नै विकासको मुल आधार हो भन्ने मान्यतालाई अनुशरण गरी पूर्वाधार विकास तर्फ बाटो निर्माण तर्फका योजनाहरुलाई प्राथमिकता दिइने छ । कच्ची सडकहरुलाई सडकको स्तर उन्नती , कालोपत्रे , साईड ड्रेन निर्माणका योजनाहरु यस आ.व. देखि संचालन गर्न कार्यहरु अगाडी वढाइने छ ।
- झिमरुक गाउँपाकिला भित्र रिंगरोड बनाउन सडक विस्तारलाई तिव्रताका साथ अघि वढाईने छ ।
- संचालनमा रहेको साविक सडक वाटोको स्तरोन्नती गर्दै लगिने छ ।
- झोलुङ्गे पुल, पक्की पुल निर्माण गर्ने, सामुदायिक भवन बनाइने छ ।

**३.२ सिंचाई नीतिः**

यस क्षेत्रका कृषि योग्य भु-भागमा रहेका सार्वजनिक कुलो हरुको अवस्था अध्ययन गरी सुचारु गर्ने र सिंचाईको नयाँ संभावनाको अध्ययन गरिनेछ ।

**३.३ भवन तथा सहरी विकास नीति :**

यस क्षेत्रमा निर्माण हुने भवनहरु तथा सहरी क्षेत्रको विकास गर्न दक्ष प्राविधिकको सेवा परामर्श लिई कार्ययोजना निर्माण गरिने छ । यस क्षेत्रमा निर्माण घरहरु भवन निर्माण मापदण्ड अनुरुप नक्शा पास गरेर मात्र निर्माण गर्ने कार्यमा अनिवार्यता एवं अनुगमन गरिनेछ ।

### ३.४ उर्जा /लघु तिथा साना जल विद्युत ( वैकल्पिक उर्जा):

- यस क्षेत्रमा हाइड्रो पावरमा गाउँपालिकाको सहभागीताका लागि प्राधिकरणसंग समन्वय गरी सम्भवानुसार उर्जा विकासको कार्य गरिने छ । बैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रसंग समन्वय गरी सौर्य सडक बत्ती, सौर्य उर्जालाई समेत प्राथमिकता दिने नीति लिइनेछ
- हाइड्रो पावरको निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

### ३.५ संचार तथा सूचना प्रविधि नीतिः

यस गाउँपालिका क्षेत्रका बासिन्दालाई सहज सञ्चार पुर्‍याई सबैको पहुँचमा ईन्टरनेटको सुविधा पुर्‍याउन विभिन्न साझेदारको पहिचान गरी आवश्यक कार्य अगाडी बढाइने छ ।

## ४. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन तर्फ

### ४.१ वन तथा भु- संरक्षण सम्बन्धी नीति :

- गाउँक्षेत्र भित्र रहेको सामुदायिक धार्मिक वन संरक्षण गरिनेछ । सडक किनारमा हरियाली प्रवर्द्धन गर्न आवश्यक कार्यको शुरुवात गरिने छ । ठुला परियोजनाको निर्मामा बातावरणिय परिक्षण प्रणालीलाई कडाईका साथ अवलम्बन गरिने छ ।

### ४.२ जलाधार संरक्षण सम्बन्धी नीति :

- गाउँक्षेत्र भित्र रहेका मुहान संरक्षण र उपयोगको लागि दीर्घकालीन कार्ययोजना तयार गरिने छ ।

### ४.३ वातावरण संरक्षण/ फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति :

फोहोर मैला व्यवस्थापनको लागि वार्षिक सरसफाई क्यालेण्डर तयार गरी लागू गरिने छ । सार्वजनिक स्थान ( सडक, चोक, नदी )मा जम्मा हुने फोहोर समेत फोहोरमैलामा कार्य गर्ने संस्थाहरुले व्यवस्थापन गर्ने गरी जिम्मेवार बनाइने छ । फोहोर मैलाको व्यवस्थापनको लागि 3R ( Reduce, Recycle and Removal ) प्रणालीलाई महत्वका साथ अगाडी बढाइने छ । उत्पादन भएका फोहोर मैलाको व्यवस्थापनको लागि सिस्डोल ल्याण्डफिल साइट खोजि गरिने छ । फोहोर

मैला व्यवस्थापनमा सहयोग गर्ने संघ, संस्था र सहयोगी प्रविधिलाई आत्मसाथ गर्ने नीति लिइने छ । ठुला परियोजनाको निर्माणमा बातावरणिय परिक्षण प्रणालीलाई कडाईका साथ अवलम्बन गरिने छ ।

### ४.४ विपद् व्यवस्थापन सम्बन्धी :

- विपद् व्यवस्थापन कोष स्थापना गरी विपद्को समयमा सरोकारवालाहरुको सहभागितामा द्रुत परिचालन टोली (Quick Response Team )को गठन गरिने छ ।
- विपद् व्यवस्थापनको लागि स्थानीय समुदायको गठन गरी सामुदायिक सहभागिता अभिबृद्धि गरिने छ ।

## ५.संस्थागत विकास तथा सेवा प्रवाह तर्फ

### ५.१ मानव संसाधन विकास :

- गाउँपालिकामा कार्यरत सम्पूर्ण बृत्ति विकासका लागि कर्मचारीहरुको क्षमता विकास सम्बन्धि तालिम संचालन गरिने छ ।
- विगतमा पारित भएको संगठन तथा व्यवस्थापन परीक्षण प्रतिवेदनबाट सिर्जना भएका दरबन्दीमा आन्तरिक र खुल्ला पदपुर्तिको प्रक्रिया अगाढी बढाइने छ। सामाजिक परिवर्तन र जागरण सिर्जना गर्न गाउँ क्षेत्रमा विगत लामो समय देखि कार्यरत सामाजिक परिचालकहरु गाउँपालिकाले आवश्यकता हेरी आन्तरीकीकरण गरिने छ ।

### ५.२ संस्थागत क्षमता विकास :

गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुलाई प्रविधिमैत्री बनाइने छ । सेवाग्राहीबाट कर्मचारी मुल्याङ्कन गर्ने परीपाटीको शुरुवात गरिने छ। दण्ड र पुरस्कारको प्रणालीको प्रभावकारी कार्यान्वयन गरिने छ। गाउँपालिकालाई जीवन्त आत्मनिर्भर र गतिशील संस्थाको रुपमा व्यवस्थित गर्न आवश्यक कदम चालिने छ। राजश्व अभिबृद्धि गर्ने दिशामा प्रभावकारी कदम चालिने छ ।

**५.४ नागरिक वडापत्र तथा टोकन प्रणाली अवलम्बन :**

नागरिक वडापत्र लाई बोधगम्य बनाउन श्रव्य, दृश्य र सूचना प्रविधि मैत्री बनाइने छ। नमुनाको रुपमा गाउँ कार्यपालिकाले छनौट गरेका निश्चित कार्यलाई क्षतिपुर्ति सहितको वडापत्र जारी गरिने छ । यस गाउँपालिकाको आधुनिक र सवै सूचना सम्पन्न वेव साईट बनाई नियमित अध्यावधिक गरिने छ ।

**५.५ सेवा प्रवाहका मापदण्ड निर्धारण :**

गाउँपालिकाबाट प्रवाह हुने सेवा प्रवाह लाई प्रभावकारी बनाउने नीति लिईने छ । योजना अनुगमनको लागि गठित अनुगमन समिति र तेस्रो पक्ष अनुगमन प्रणालीलाई प्रभावकारी बनाइने छ। सरल, सहज र मितव्ययी तवरले गुणस्तरीय सेवा पाउने गाउँबासीको अधिकारलाई स्थापीत गर्न संस्थागत , प्रविधिगत र व्यवहारगत सुधारका आवश्यक कार्यक्रम संचालन गरिने छ।

**६.वित्तिय व्यवस्थापन र सुशासन तर्फः**

**६.१ लेखाङ्कन :**

लेखा प्रणालीलाई वढी विश्वसनीय र सूचनामुखी बनाइने छ । लेखाको आधुनिक सफ्टवयर उपयोगमा ल्याउन सम्वन्धित निकाय संग समन्वय गरी कार्य अघि वढाईने छ।

**६.२ राजस्व सम्बन्धी नीति :**

- विगतमा साविक गा.वि.स. हरुले प्रक्षेपष गरे अनुसारको राजश्व उठाउन नसकेको सन्दर्भमा राजश्व सम्बन्धमा विस्तृत अध्ययन गरी प्रतिवेदन लिई पुर्नविचार गर्नु पर्ने ।
- भिमरुक गाउँपालिकाबाट सम्पूर्ण सेवाहरुलाई कर चुक्तासँग आबद्ध गर्नु पर्ने ।
- गाउँपालिकामा करको दायरामा आउन नसकेका र ल्याउन नसकिएका व्यवसायीहरुको पहिचान गरी दायरामा ल्याउने ।
- कर संकलन प्रक्रियालाई पारदर्शी बनाउने, अभिलेखी करणलाई व्यवस्थित गर्ने तथा एकिकृत सम्पत्तिदकर लागू गर्न पहल गर्ने ।
- पर्यटन, जलविद्युत, खोनपानी लगायतका रोयल्टी प्राप्त गर्न आवश्यक पहल गर्ने ।

**६.३ वित्तिय अनुशासन :**

भ्रष्टाचारको सवालमा शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ । सेवाग्राही गुनासो व्यवस्थापन गर्न गुनासो व्यवस्थापनका उपाय अवलम्बन गरिने छ ।

**६.४ सामाजिक परिक्षण/सार्वजनिक सुनुवाई** :

सार्वजनिक परिक्षण , सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई समयमै संचालन गरिने छ ।

**६.५ अन्तिम लेखा परिक्षण तथा वेरुजु फर्छ्यौट :**

समयमै आन्तरिक तथा अन्तिम लेखा परीक्षण गर्ने व्यवस्था मिलाइने छ। वेरुजु फर्छ्यौट कार्यलाई प्रभावकारी बनाइने छ ।

**७. अन्य नीतिहरु**

७.१ नेपाल सरकारबाट सौर्य सडक बत्तिको लागि प्राप्त हुने अनुदान माग गरी गाउँपालिकाबाट समेत रकमको व्यवस्था गरी जनसहभागीतामा सौर्य सडक बत्तीको व्यवस्था गरिने छ ।

७.२ गाउँपालिका क्षेत्र भित्र उपर्युक्त स्थान पहिचान गरी खेलकुदका लागि खेल मैदान निर्माणमा पहल गरिनेछ ।

७.३ यस क्षेत्रका सार्वजनिक जग्गाहरुको संरक्षणका लागि आवश्वयक कार्य नीति बनाई सार्वजनिक जग्गा संरक्षण गरिने छ ।

७.४ सामाजिक सुरक्षा भत्ता अन्तर्गत नेपाल सरकारबाट भत्ता प्राप्त गर्नु हुने जेष्ठ नागरिक , एकल तथा विधवा महिला ,दलित जेष्ठ नागरिक र दलित बालबालिकाहरुको भत्ता रकम सम्बन्धित वैंकहरुको सहकार्यमा घरदैलोमा पुराउने कार्यको थालनी गरिने छ ।

७.५ गाउँपालिका क्षेत्र भित्र निर्माण हुने पूर्वाधारहरु अपाङ्गमैत्री बनाईने छ ।

७.६ यस क्षेत्रका धार्मीक तथा ऐतिहाँसिक मठ, मन्दीर, क्षेत्रको पहिचान गरी संरक्षरण तथा सम्वर्द्धनका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

७.७ यूवाहरुलाई दक्ष बनाउन निश्चित योजना बनाई सीपमूलक तालिमहरुको व्यवस्था गरिनेछ ।

सभाध्यक्ष महोदय,

प्रस्तुत नीति तथा कार्यक्रम लागु गर्न यस आर्थिक बर्षको लागि कुल जम्मा बजेट रु. ३६ करोड १० लाख ४४ हजार अनुमान गरीएको व्यहोरा समेत सम्मानित सभा समक्ष जानकारी गराउँदछु ।

धन्यवाद, जय भिमरुक ।